# आरुघाट गाउँपालिका

# स्थानीय राजपत्र

भाग-२ खण्ड: ५ संख्या :८

पारित भएको मिति: २०८०/०७/१४

प्रकाशन मितिः २०८०/०७/१५

पहिलो संशोधनः२०८१/०७/२५

## पशु जन्य उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम संचालन कार्यविधि – २०८०(संशोधन समेत)

आरुघाट गाउँपालिका, गोरखा

**प्रस्तावना :**

आरुघाट गाउँपालिका पशुपालन क्षेत्रमा प्रशस्त सम्भावना बोकेको पालिका हुनाले यस क्षेत्रको ब्यवसयीकरण गरि प्रमुख कृषिजन्य बस्तुहरुको उत्पादन र उत्पादकत्व बृद्दी गरि अन्तरिक मागको पूर्ति गर्दै आयात प्रतिस्थापन तथा निर्यात प्रबर्धन गर्न र सरकारी अनुदानमा वास्तविक कृषकहरुको पहुँचलाई सुनिस्चित गर्न वान्छनीय भएकाले यो कार्यविधि स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा १०२ले दिएको अधिकार प्रयोग गरी गाउँकार्यपालिकाले यो कार्यविधि जारि गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

यो कार्यविधिको नाम " **पशु जन्य उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम संचालन कार्यविधि २०८०"** रहेको छ ।

१) यो कार्यविधि आरुघाट गाउँपालिका, गाउँपालिकाको कार्यालयले पारित गरेको मिति देखि लागु हुनेछ ।

२) यो कार्यविधि आरुघाट गाउँपालिका भर लागु हुनेछ।

## परिच्छेद २
## परिभाषा

**२. परिभाषा** : विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

१) "गाउँपालिका" भन्नाले आरुघाट गाउँपालिकालाई सम्झनु पर्दछ ।

२) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले आरुघाट गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्दछ ।

३) "शाखा प्रमुख" भन्नाले आरुघाट गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयका सम्बन्धित शाखाको प्रमुखलाई सम्झनु पर्दछ।

४) "गाउँ कार्यपालिका" भन्नाले आरुघाट गाउँपालिका, गाउँ कार्यपालिकालाई सम्झनु पर्दछु ।

५) "कार्यक्रम" भन्नाले **पशु जन्य उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम** सम्झनु पर्दछ।

६) "समिति" भन्नाले यस कार्यविधिको दफा १२ बमोजिम गठित छनौट समितिलाई सम्झनु पर्दछ ।

७) "अनुदानग्राही" भन्नाले आरुघाट गाउँपालिकामा पशुपन्छी तथा मत्स्य पालन पेशामा संलग्न कृषकलाई सम्झनु पर्दछ ।



*⁎पहिलो संशोधनबाट थप*

## परिच्छेद ३
## उद्देश्यहरु

**३. उद्देश्यहरु :**

१)कृषि उपज सामग्रीको उत्पादन र उत्पादकत्वमा टेवा पुराउने।

२) कृषकलाई कृषि क्षेत्रमा आकर्षित गर्ने र पालिकाको कृषि उपज सामग्रीको आयात प्रतिस्थापन गर्ने ।

४) अनुदान वितरण नीतिलाई प्रक्रिया मुखिबाट परिमाणमुखीतर्फ लैजाने ।

५) पशुपन्छीजन्य उत्पादन क्षेत्रलाई प्रतिस्पर्धात्मक बनाई सो व्यवसायलाई प्रतिष्ठित एबं दिगो ब्यबसाय बनाउन प्रोत्साहन गर्ने ।

६) अनुदानको सहि दक्ष र प्रभावकारी ढंगबाट वितरण,उपयोग र सदुपयोग गर्ने ।

७) साना कृषकहरुको समेत पशुपन्छीजन्य उत्पादनलाई संगठित बजारमा प्रबाह गर्ने ।

८) कृषकहरुलाई पशुपन्छी पालन क्षेत्रमा आकर्षित गर्ने र पालिकाको पशुपन्छी जन्य उत्पादनको आयात प्रतिस्थापन गर्ने ।

९) उत्पादनको आधारमा कृषकहरुलाई प्रोत्साहन स्वरुप अनुदान उपालाब्ध गराउने ।

## परिच्छेद-४
## कार्यक्रम संचालन प्रक्रिया

**४. कार्यक्रम संचालनः** यस कार्यक्रमलाई आरुघाट गाउँपालिका पशुसेवा शाखाबाट संचालन गरिनेछ

**५. आबेदन आब्हान :**

१) अनुदान कार्यक्रम संचालन गर्नका लागि अनुसूची (१) अनुरुप गाउँपालिकाले प्रथम पटक कम्तिमा १५ दिनको सार्वजनिक सूचना प्रकाशित गरि आबेदन माग गर्न सक्नेछ र त्यस पछि माग अनुरुप सम्बन्धित निकायमा आधिकारिक रुपमा दर्ता भएका कृषकफर्म/कृषक समूह/कृषि/दुग्ध सहकारीले समयावधि भित्र पशु सेवा शाखामा निबेदन पेश गर्नुपर्नेछ ।

**६. अनुदान उपलव्ध गराउन सक्ने पशुपन्क्षिजन्य उत्पादनहरुः** पशुपन्छीजन्य उत्पादन अन्तर्गत दुध, मासु, अण्डा , माछा तथा घासको बीउबेर्नामा अनुदान उपलव्ध गराउनेछ ।

**७. आबेदन संकलन :**

१) दफा ५ को उपदफा (१) बमोजिम सूचना प्रकासित भएपछि दर्ता भएका कृषकफर्म/कृषक समूह/कृषि तथा दुग्ध सहकारीले पशु सेवा शाखामा तल तोकिए अनुसारको कागजातसहित अनुसूची २) अनुसारको निबेदन दिनुपर्नेछ

- वडा कार्यालयको दोहोरो सुविधा नलिएको सिफारिस र पशुजन्य उत्पादन गरिरहेको सिफारिस अनुदान कर्यक्रम सञ्चालन गर्ने स्थान वा उत्पादित कृषि सामाग्रीको फोटो ३ प्रति



*⁎पहिलो संशोधनबाट थप*

- आवेदकको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि र संस्थाको हकमा प्रचलित ऐन बमोजिम सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्र
- जग्गा धनी प्रमाणपत्रको प्रतिलिपि वा भाडामा लिएको खण्डमा जग्गा धनीसंग गरेको सम्झौताको प्रतिलिपि
- समूह र सहकारीको हकमा कार्यसमिति बैठकले कार्यक्रम माग गर्नको लागि गरेको निर्णयको प्रतिलिपि
- सन्क्षिप्त ब्यबसायिक कार्ययोजना (अनुसूची ३ बमोजिम )

**८ .प्रोत्साहन रकमको मापदण्ड : प्रोत्साहन रकमको मापदण्ड देहाय बमोजिमको हुनेछ :**

| क्र.स. | अनुदानको क्षेत्रहरु | अनुदान रकम |
|---|---|---|
| १. | दुध | रु. १०/ लिटर |
| २. | मासु | |
| २.१ | खसीबोका भेडा | रु.७५* के.जी. |
| २.२ | पाडा/ रागा | रु.२५/ के.जी. |
| २.३ | पन्छीजन्य | |
| २.३.१ | स्थानीय/लेयर्स/गिरिराज कुखुरा* | रु.४० / के.जी. |
| २.३.२ | ब्रोईलर कुखुरा | रु.१५* / के.जी. |
| २.३.३ | बटाई | रु.५० / के.जी. |
| २.३.४ | कालिज | रु.४० / के.जी. |
| २.३.५ | टर्की | रु.४० / के.जी. |
| २.४ | माछा | रु.२०* / के.जी. |
| २.५ | बंगुर | रु २५ / के.जी. |
| ३. | अण्डा | रु. ७५* पैसा/ गोटा |
| ४. | घाँसको बीउ | रु.१०/ के.जी |
| ५. | डालेघाँसको बेर्ना | रु.३/ बेर्ना |

**९) जानकारी दिन पर्ने:**

१) छनौट समितिबाट छनौट भएका कृषक फर्म/कृषक समूह/कृषि तथा दुग्ध सहकारीहरुको सूची पशुसेवा शाखाले प्रकाशन गरि कार्यक्रम सम्झौताको लागि आह्वान गर्नेछ ।

२) छनौट भएका कृषक फर्म/कृषक समूह/कृषि तथा दुग्ध सहकारीहरुको सम्बन्धित पक्षलाई जानकारी दिन पर्नेछ र यसको जानकारी वडा कार्यालयलाई पनि गराउन पर्नेछ ।

३) उपदफा १ अनुसार जानकारी दिदा सात दिनको समय दिई सम्झौता गर्न आउने म्याद समेत उल्लेख गर्नुपर्नेछ ।



*∗पहिलो संशोधनबाट थप*

**१०) सम्झौता गर्नु पर्ने :** यो कार्यविधि अनुसार गाउँपालिकाले कार्यक्रम संचालनका लागि सम्झौता गर्दा अनुसूची ६ बमोजिमको ढाँचामा सम्झौता गर्नुपर्नेछ ।



*⁎पहिलो संशोधनबाट थप*

## परिच्छेद ५
## अनुगमन तथा छनौट प्रक्रिया

**११) अनुगमन :-**

१) रित पुर्वक पेश हुन आएका आवेदकहरुलाई देहाय बमोजिमको अनुगमन समितिले अनुसूची ५ बमोजिम स्थलगत अनुगमन गरि अनुगमन प्रतिवेदन मुल्यांकनको लागि छनौट समितिमा पेश गर्नेछ ।

क) उपाध्यक्ष -संयोजक

ख) आर्थिक विकास संयोजक- सदस्य

ग) सम्बन्धित वडाका वडा अध्यक्ष - सदस्य

घ) योजना अनुगमन तथा प्रशासन शाखा प्रमुख - सदस्य

ङ) कृषि विकास शाखा प्रतिनिधि - सदस्य

च) सम्बन्धित वडा प्राबिधिक (पशु )- सदस्य

छ) पशुसेवा शाखाका अधिकृत - सदस्यसचिब

२) दफा ७ को उप दफा १ अनुसार गठित अनुगमन समितिले आबश्यकता अनुसार छनोट पश्चात निरन्तर रुपमा अनुगमन गर्नेछ ।

१२) **छनौट समितिः** अनुगमन समितिले दिएको प्रतिबेदनको आधारमा तपशिल ब्मोलिमको गठित छनोट समितिले यस कार्यक्रमको लागि कृषक छनोट गर्नेछ ।छनौट समिति देहाय बमोजिमको हुनेछः

क) गा.पा.अध्यक्ष - संयोजक

ख) गा.पा.उपाध्यक्ष -सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

घ) प्रशासन शाखा प्रमुख - सदस्य

ङ) पशु सेवा शाखा प्रमुख - सदस्य

च) आर्थिक विकास समीति संयोजक - सदस्य

छ) लेखा शाखा प्रमुख - सदस्य

ज) पशु सेवा शाखाका अधिकृत -सदस्य सचिब

## परिच्छेद ६
## भुक्तानी प्रक्रिया

**१३) अनुदान प्राप्त गर्न पुरा गर्नुपर्ने दायित्व :** अनुदान प्राप्त गर्न देहाय अनुसारको दायित्व पुरा गरेको हुनु पर्नेछ ।

क) उत्पादन स्थिथिका बारेमा पशु सेवा शाखालाई समय समयमा जानकारी गराएको,

ख) बिक्रि गरेको बस्तुको बिल जारि गरेको ,



**पहिलो संशोधनबाट थप*

ग) आर्थिक कारोबार बैंक मार्फत गरेको,

घ) उत्पादन हुने बस्तुको परिमाणका सम्बन्धमा सम्बन्धित प्राविधिकले प्रमाणित गरेको,

ङ) उत्पादन र बिक्रीको स्पष्ट अभिलेख राखेको ,

**१४) प्रोत्साहन रकम निकाशा :** उत्पादनमा आधारित अनुदान उपलब्ध गराउंदा अनुदानग्राहीले पेश गरेको अभिलेख मुल्यांकनको आधारमा पशु सेवा शाखाको सिफारिसमा गाउपालिकाबाट अनुदानग्राहिको खातामा बार्षिक रुपमा भुक्तानी गरिनेछ । सहकारीको हकमा सहकारीले उपलब्ध गराएको बिबरणको आधारमा सम्बन्धित कृषकलाई नै बैंकमार्फत भुक्तानी दिईनेछ ।

**१५) भुक्तानी दिन बाध्य नहुने** :

१) सम्झौतामा भए बमोजिम कार्य नगरेमा गाउँपालिकाले त्यस्ता अनुदानग्राहीलाई भुक्तानी दिन बाध्य हुने छैन ।

२) सम्झौता गरेको आर्थिक बर्ष भित्रमा कार्यसम्पन्न गरि भुक्तानी लिन नआएमा भुक्तानी गरिने छैन ।

## परिच्छेद-८
## बिबिध

**१६) सजाय**

ब्यबसायीले अरुले उत्पादन गरेका बस्तुहरु देखाई अनुदान लिएको पाईएमा अनुदान रकम फिर्ता गराई गाउँपालिकाबाट कुनै पनि प्रकारको अनुदान उपलब्ध गराईने छैन ।

१७ ) **बाधा अड्काउ फुकाउ :** यस कार्यविधि कार्यन्वयनको सम्बन्धमा कुनै दुबिधा भएमा छनौट समितिले बाधा अड्काउ फुकाउन सक्नेछ |

१८) **प्रचलित कानुन बमोजिम हुने** : यस कार्यविधिमा लेखिएका विषयमा यसै कार्यविधि बमोजिम र

नलेखिएको विषयमा प्रचलित कानुन बमोजिम हुनेछ |

१९ ) **संशोधन** : यो कार्यविधि आवश्यकता अनुसार गाउँकार्यपालिकाले थपघट, हेरफेर वा संशोधन गर्न सक्नेछ |



*∗पहिलो संशोधनबाट थप*

## अनुसूची १

**पशु सेवा शाखा, आरुघाटको  पशु जन्य उत्पादनमा आधारित प्रोत्साहन रकम कार्यक्रममा सहभागी हुन् प्रस्ताब आब्हानको**

सुचना !          सुचना  !!          सुचना !!

यस आरुघाट गाउँपालिकाको आ. व. २०८०/०८१ को वार्षिक स्वीकृत निशर्त तर्फको कार्यक्रम अनुसार पशुजन्य  उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रममा प्रोत्साहन रकम उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा आरुघाट गाउँपालिका भित्रका दर्ता भएका कृषक, निजि फर्म, कृषक समूह तथा कृषि तथा दुग्ध सहकारीबाट आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र पशु सेवा शाखामा तपशिल अनुसारका कागजात संलग्न गरि आवेदन पेश गर्न हुन अनुरोध छ । साथै रित नपुगेका र म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनोटका लागि समाबेश हुन नसक्ने व्याहोरा समेत जानकारी गराइन्छ ।

निबेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु :

- अनुसूची २ बमोजिमको  निबेदन
- वडा कार्यालयको दोहोरो सुविधा नलिएको सिफारिस र पशुजन्य उत्पादन गरिरहेको सिफारिस
- अनुदान कर्यक्रम सञ्चालन गर्ने स्थान वा उत्पादित कृषि सामाग्रीको फोटो ३ प्रति
- आवेदकको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि र संस्थाको हकमा प्रचलित ऐन बमोजिम सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्र
- जग्गा धनी प्रमाणपत्रको प्रतिलिपि वा भाडामा लिएको खण्डमा जग्गा धनीसंग गरेको सम्झौताको प्रतिलिपि
- समूह र सहकारीको हकमा कार्यसमिति बैठकले कार्यक्रम माग गर्नको लागि गरेको निर्णयको प्रतिलिपि
- सन्क्षिप्त ब्यबसायिक कार्ययोजना अनुसूची ३ बमोजिम



*⁎पहिलो संशोधनबाट थप*

## अनुसूची — २

## पशु जन्य उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रममा सहभागी हुन इच्छुकले पेश गर्ने निवेदनको ढाँचा

श्री प्रशासकीय प्रमुख अतिथिज्यू
आरूघाट गाउँपालिका, गोरखा

बिषय : उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रममा सहभागी हुन पाउँ ।

महोदय,

प्रस्तुत विषयमा आरुघाट गाउँपालिका को मिति.............................मा प्रकाशित सूचनाअनुसार मेरो/ हाम्रो फर्म /समुह / कृषि तथा दुग्ध सहकारीले गाउँपालिकाको सहयोगमा पशुजन्य उत्पादनमा आधारित प्रोत्साहन रकम कार्यक्रम सञ्चालनकालागि तोकिए बमोजिमको आवश्यक कागजात संलग्न गरी कार्यक्रम परियोजनामा उल्लेखित उत्पादनहरुको प्रोत्साहन रकम प्राप्त गर्नका लागि यो आवेदन पेश गरेको छु ।

निवेदकः
नामथरः
ठेगाना :
मोबाइल न. :
दस्तखतः
छापः



*∗पहिलो संशोधनबाट थप*

**अनुसूची ३**

**आवेदकको सन्क्षिप्त कार्यक्रम परियोजना**

| क्र. स. | पशुजन्य उत्पादन | हाल भएको सम्बन्धित पशुपन्छी संख्या | अनुमानित उत्पादन परिमाण | कैफियत |
|---|---|---|---|---|
| १. | मासु ( रागापाडा / खसीबोका भेडा / बंगुर / पन्छी जन्य ) | | | |
| २. | माछा | | | |
| ३. | दुध | | | |
| ४. | अण्डा | | | |
| ५. | घाँसको बेर्ना | | | |
| ६. | घासको बिउ | | | |



**पहिलो संशोधनबाट थप*

## अनुसूची ४
## सम्बन्धित वडाको सिफारिस पत्र

श्री पशु सेवा शाखा प्रमुख ज्यु
आरुघाट गा.पा, गोरखा

विषयः सिफारिस गरिएको बारे ।

यस शाखाको मिति २०८०/ / मा प्रकाशित सूचना अनुसार कृषक फर्म /समूह/कृषि / दुग्धसहकारीले आरुघाट गा.पा. वडा नं.............मा...................संख्या/क्षेत्रफलमा गाई / पाडारागा / भेडाबाख्रा ,कुखुरा (अण्डाजन्य, स्थानीय/ ब्रोइलर / बटाई / कालिज / टर्की) र माछा र घाँसको बिउबेर्ना उत्पादन गरिरहेको हुनाले पशुजन्य उत्पादनमा आधारित प्रोत्साहन रकम कार्यक्रम संचालनको लागि सिफारिस गरिएको व्यहोरा अनुरोध छ ।साथै निजले यस आ.ब. मा गाउँपालिकाबाट कुनै पनि दोहोरो सुबिधा नलिएको व्योहोरा जानकारी गराईन्छ ।

सिफारिस गर्नेको
नामः
पदः
दस्तखत् :
मितिः



**पहिलो संशोधनबाट थप*

## अनुसूची ५
## कार्यक्रमका लागि छनोटका आधारहरु

| क्र. स. | पशुजन्य उत्पादन | छनोटका आधारहरु |
|---|---|---|
| १. | **दुध** | क) दुध उत्पादन अनुदानका लागि कृषि तथा दुग्ध सहकारीले मात्र अनुदान पाउनेछन । <br> ख) प्रत्येक कृषि तथा दुघ्ध सहकारीले दैनिक कम्तिमा १०० ली. दुध उत्पादन र बार्षिक कम्तिमा २०० दिन सम्म दुधको कारोबार गर्ने गरेको । <br> ग) सहकारीमा आबद्ध सबै कृषकहरुको फार्ममा जैविक सुरक्षा बिधि अबलम्बन गरेको हुनुपर्नेछ । <br> घ) सहकारी सस्थाहरुले सस्थागत रुपमा दुध खरिद बिक्रि गरेको प्रमाणपत्र पेश गर्नुपर्नेछ । |
| २. | **मासु** | |
| | **खसीबोका भेडा** | क) दर्ता भएका कृषक फर्म/कृषक समूह/कृषि सहकारीमा आबद्ध भएर बार्षिक न्युनतम १५०* के. जी मासु (जीवित तौल प्रणालीमा ) बिक्रि गरेको हुनुपर्नेछ । <br> ख) सबै कृषकहरुको फार्ममा जैविक सुरक्षा बिधि अबलम्बन गरेको हुनुपर्नेछ । <br> ग) असल पशुपालन अभ्यास अबलम्बन गरेको हुनुपरनेछ । |
| | पाडा / रागा | बार्षिक रुपमा ६०० के. जी मासु (जीवित तौल प्रणालीमा) उत्पादन गरि बिक्रि गरेको हुनेपर्नेछ । |
| | बंगुरको मासु | बार्षिक रुपमा ३०० के. जी मासु (जीवित तौल प्रणालीमा) उत्पादन गरि बिक्रि गरेको हुनेपर्नेछ । |
| | पन्छीजन्य मासु : | |
| | ब्रोइलर कुखुरा | बार्षिक रुपमा १२०० के. जी मासु (जीवित तौल प्रणालीमा) उत्पादन गरि बिक्रि गरेको हुनेपर्नेछ । |
| | स्थानीय/गिरिराज कुखुरा | बार्षिक रुपमा १५० के. जी मासु (जीवित तौल प्रणालीमा) उत्पादन गरि बिक्रि गरेको हुनेपर्नेछ । |
| | टर्की | बार्षिक रुपमा २०० के. जी मासु (जीवित तौल प्रणालीमा) उत्पादन गरि बिक्रि गरेको हुनेपर्नेछ । |



*∗पहिलो संशोधनबाट थप*

| | | |
|---|---|---|
| | कालिज | बार्षिक रुपमा १५० के. जी मासु (जीवित तौल प्रणालीमा) उत्पादन गरि बिक्रि गरेको हुनेपर्नेछ । |
| | बटाई | बार्षिक रुपमा ३० के. जी मासु (जीवित तौल प्रणालीमा) उत्पादन गरि बिक्रि गरेको हुनेपर्नेछ । |
| ३. | माछा : | बार्षिक रुपमा ५०० के. जी जिउदो माछा (जीवित तौल प्रणालीमा) उत्पादन गरि बिक्रि गरेको हुनेपर्नेछ । |
| ४. | अण्डा उत्पादनको लागि | बार्षिक कम्तिमा १०००० ओटा अण्डा उत्पादन गर्नुपर्नेछ । |
| ५. | घाँसको बिउ बेर्ना उत्पादन | क) बार्षिक रुपमा कम्तिमा ५००० डालेघासको बेर्ना उत्पादन भएको हुनुपर्नेछ ।<br>ख) बार्षिक कम्तिमा ८० के. जी घाँसको बिउ उत्पादन गरेको हुनुपर्नेछ । |
| नोटः सबै पशुपन्छीजन्य उत्पादन आफ्नै फर्म ,समूह, सहकारीमा नै उत्पादन गरेको हुनुपर्नेछ । बाहिरबाट खरिद गरि ल्याएकोलाई प्रोत्साहन रकम उपलब्ध गराईने छैन । | | |



**पहिलो संशोधनबाट थप*

## अनुसूची ६

**आरुघाट गाउँपालिका र पशुजन्य उत्पादनमा आधारित प्रोत्साहन रकम कार्यक्रमका लागि छनोट भएका आवेदकबीच हुने सम्झौताको ढाँचा**

आरुघाट गा. पा. ......................(यसपछि प्रथम पक्ष् भनिने ) र कृषकफर्म/कृषक समूह/कृषि/दुग्ध सहकारी............................( यस पछी दोस्रो पक्ष् भनिने ) बीच पशुजन्य उत्पादनमा आधारित प्रोत्साहन रकम कार्यक्रममा तपशिलका शर्तहरु पालना गर्ने गराउने गरी यो दिपक्षिय् सम्झौता गरिएको छ ।

तपशिल :

१) स्वीकृत भए अनुसारको अनुदान रकम दोस्रो पक्षलाई प्रथम पक्षले बैंक खातामा जम्मा गरी दिनेछ ।

२) दोश्रो पक्षले असल पशुपालन अभ्यास ( नियमित रुपमा पशु खोप लगाउने, परजीवी नियन्त्रण गर्ने, थुनेलो लगायत अन्य रोग जुनोटिक रोगहरु संक्रमित र औषधिउपचार गरिरहेको अबस्थाको अखाध दुध, माछामासु बिक्रि नगर्ने , फार्ममा जैविक सुरक्षाको ब्यबस्था मिलाउने , पशुपन्छीलाई उचित गोठ , खानपानको ब्यबस्था मिलाउने आदि ) लगायतका कार्यहरु गर्नुपर्नेछ ।

३) दोश्रो पक्षले समयसमयमा आफ्नो उत्पादन लगायतका विवरणहरु पशु सेवा शाखामा जानकारी गराउनुपर्नेछ ।

४) माछा र पन्छीजन्य उतपादनबाहेकका पशुजन्य उत्पादनहरु पशु सेवा शाखाले तोकेको समयमा यस कार्यालयको प्रतिनिधि मार्फत प्रमाणित गराउनुपर्नेछ ।

५) दोश्रो पक्षले यो सम्झौता बमोजिमका कार्य नगरेमा वा उपलब्ध स्रोत साधनको दुरुपयोग गरेमा प्रथम पक्ष् ले जुनसुकै समयमा एकतर्फी रुपमा सम्झौता भंग गरी प्रचलित कानुन बमोजिम प्रोत्साहन रकम असुल उपर गर्न सक्नेछ ।

६) यस सम्झौतामा उल्लेख भए बाहेकका बिषयमा प्रचलित कानुन बमोजिम हुनेछ ।

| प्रथम पक्ष : | दोस्रो पक्ष : |
|---|---|
| दस्तखत : | दस्तखत : |
| नाम : | नाम : |
| पद : | पद : |
| संस्था : | संस्था : |
| रोहबर: | रोहबर: |
| दस्तखत : | दस्तखत : |
| नाम : | नाम : |
| पद : | पद : |
| संस्था : | संस्था : |

इति सम्बत ..................साल ..............महिना.....................गते रोज ............शुभम ।



**पहिलो संशोधनबाट थप*

अनुसूची ७

**कार्य सम्पन्न प्रतिवेदन को नमुना**

| क्र. स. | विवरण | संख्या /रकम | कैफियत |
|---|---|---|---|
| १. | कृषक फर्म, समूह सहकारी दुग्ध सहकारीको नाम ठेगाना | | |
| २. | बिक्रियोग्य उत्पादन (पशु संख्या ) | | |
| ३. | औसत उत्पादन (प्रति/पशु) | | |
| ४. | जम्मा अनुमानित उत्पादन | | |
| ५. | प्रति इकाई प्रोत्साहन रकम | | |
| ६. | जम्मा प्रोत्साहन रकम | | |

.......................... .......................... ..............................

श्री .................. श्री .................. श्री ......................

(उत्पादन कर्ता ) (पशुसेवा शाखाको प्रतिनिधि) (प्रमाणित गर्ने सम्बन्धित वडा अध्यक्ष्)



*⁎पहिलो संशोधनबाट थप*

## अनुसूची ८
## प्रोत्साहन रकम माग गर्दा लेख्ने निबेदन

मिति :- ............/......./.......

श्री प्रमुख प्रशासकीय अधिकृतज्यु,
आरुघाट गाउँपालिका , गोरखा

बिषयः- प्रोत्साहन रकम उपलब्ध गराई पाउँ ।

महोदय,

प्रस्तुत बिषयमा सादर निबेदन यो छ कि मैले / हाम्रो संस्थाले आरुघाट गाउँपालिका वडा न. ......मा मिति .............. देखी मिति .................सम्म ................लिटर/ के. जी./ ओटा / बेर्ना दुध/ मासु ( भेडा खसीबोका / पाडारागा / बंगुर/ पन्छीजन्य ) / माछा / अण्डा/ बीउ/ बेर्ना उतादन गरेको कुरा पशु सेवा शाखाका प्रतिनिधि मार्फत प्रमाणित गरेको व्योहोरा जानकारी गराउदै प्रति लिटर / के.जी./ ओटा / बेर्ना रु........का दरले कुल उत्पादन.................. को जम्मा रु. ...............मात्र ...................को नाममा निकाशा गरिदिनुहुन बिनम्र अनुरोध गर्दछु ।

निवेदक
नामथरः
ठेगाना :
सही छाप :
खाता न. :-



**पहिलो संशोधनबाट थप*

आज्ञाले,

प्रमुख प्रशासकिय अधिकृत



**पहिलो संशोधनबाट थप*